## कार्यकारी समितिको (मिति २०७४/०२/०३ गते बुधबार) ६४ औ बैठकका निर्णयहरु ।

१. राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका कार्यकारी सदस्य डा. चन्द्र बहादुर श्रेष्ठको संयोजकत्वमा जनशक्ति व्यवस्थापन महाशाखा प्रमुख जनार्दन गुरागाईं सदस्य, वस्ती विकास आवास तथा स्थानिय पूर्वाधार महाशाखा प्रमुख श्री प्रकाश थापा सदस्य, संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, केन्द्रिय आयोजना कार्यान्वयन इकाई प्रमुख सदस्य र सम्पदा संरक्षण शाखाका पुरातत्व अधिकृत भीष्म बाँस्कोटा सदस्य सचिव रहेको कार्य टोलीले भूकम्पवाट प्रभावित गुम्बाहरुको पुनर्निर्माण सम्बन्धी कार्यबिधि मस्यौदा तयार गरी आगामी बैठकमा पेश गर्ने ।

२. भूकम्प अति प्रभावित १४ जिल्लामा लाभग्राही सूचीमा संलग्न निजी घरहरुको पुनर्निर्माणको काममा खटिएका प्राविधिकहरु फिल्डमा अनुपस्थित हुने, काम प्रति उत्प्रेरीत नभई पदवाट क्रमश छाडदै जाने र सोको कारणवाट तलब भत्ता लगायतको साधन श्रोत बढदै जाने तर प्राविधिक परामर्शमा घरहरुको पुनर्निर्माण नहुने, दोस्रो किस्ता एवं तेस्रो किस्ता समेत सिफारिश गर्ने प्रकृया उल्लेखनीय रुपमा अगाडी नबढने अवस्थामा भूकम्प कम प्रभावित १७ जिल्लाहरुका हकमा कार्यकारी समितिको ६२ औ बैठकबाट डा. हरिराम पराजुलीको संयोजकत्वमा गठित कार्यटोलीबाट प्रस्तुत हुन आएको सेवा करार गर्ने प्रस्ताव उपर छलफल गर्दा नियमानुसार संस्था मार्फत परामर्श सेवा लिने ।

३. गैर सरकारी संस्था परिचालन सम्बन्धी कार्यविधि, २०७२ दफा (९) बमोजिम सिफारिस भई आएको देहाय बमोजिमको पुनर्निर्माणसंग सम्बन्धित परियोजना स्वीकृत गर्ने । सो योजना निर्माण / संचालन गर्दा कम्तीमा पुनर्निर्माण सम्बन्धी स्वीकृत मापदण्ड अनुसार गर्ने शर्त पालना गर्न लगाउने ।

| क्र.स. | संस्थाको नाम | कार्यान्वयन स्थान | परियोजनाको प्रकृति | जम्मा बजेट | समय अवधि | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | Nepal Rastriya Dalit SamajKalyanSangh (NNDSWO) | साविक सिपापोखरी गाविस सिन्धुपाल्चोक | ४ कोठे विद्यालय भवन, शौचालय र पुस्तकालय भवन निर्माण | ५०५४३।- | २०७४ भित्र | डलर |
| २ | Society of Ex Budhanilkantha Students (SEBS) | साविक सुर्यविनायक-१०, भक्तपुर | ४ कोठा विद्यालय भवन निर्माण | १,००,००,०००।- | एक वर्ष | रुपैया |

४. तपशिल बमोजिमका जिल्लाहरुका वस्तीहरुमा एकीकृत वस्ती विकासको लागि सम्भाव्यता अध्ययन, विस्तृत परियोजना प्रतिवेदन तयार गर्न तथा पूर्वाधार निर्माण (सडक, खानेपानी, विद्युतीकरण, नदी नियन्त्रण, जग्गा प्राप्ति आदि ) कार्यका लागि अन्य संघ संस्था/ निकायको पनि सहयोग लिई दोहोरो नपर्ने गरी वस्ती विकास गर्ने कार्यक्रम अगाडी वढाउने।

तपशिल

क. गोरखा जिल्ला - केरौजा

ख. सिन्धुपाल्चवक जिल्ला - सेलाङ

ग. रसुवा जिल्ला - खाल्डे

घ. नुवाकोट जिल्ला - उर्लेनी

ङ. दोलखा जिल्ला - वेसीम्पा

५. विविध

क. भूकम्पबाट प्रभावित निजी आवास पुनर्निर्माण अनुदान वितरण कार्यविधि, २०७३ (पहिलो संशोधन) को दफा ११ (क) अनुसार "**फारमको नमूना तथा ढाँचा तोक्ने:** यस कार्यविधिलाई कार्यान्वयन गर्न आवश्यक प्रक्रिया, पुष्टयाईं, फारमको नमूना तथा ढाँचाहरु कार्यकारी समितिले तय गर्न सक्नेछ" भन्ने व्यवस्था भएकोमा संलग्न बमोजिमका अनुसूचीहरु संचालनमा ल्याउनुपर्ने भएकाले सोही अनुसार गर्न / गराउन शहरी विकास मन्त्रालय ( केन्द्रीय आयोजना कार्यान्वयन इकाई) र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ( केन्द्रीय आयोजना कार्यान्वयन इकाई) लाई निर्देशन दिने ।